# गण्डकी गाउँपालिकामा मातृ तथा वाल मृत्युदर घटाउनको लागि आधारभुत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन मापदण्ड, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७८/०८/१२

प्रमाणिकरण मिति २०७८/०८/१४

गण्डकी गाउँपालिका
गोरखा
गण्डकी प्रदेश, नेपाल

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी गाउँपालिकामा मातृ तथा वाल मृत्युदर घटाउनको लागि आधारभुत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन मापदण्ड, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु।

२०७८/८/१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०८/१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# गण्डकी गाउँपालिकामा मातृ तथा वालमृत्यूदर घटाउनको लागि आधारभुत स्वास्थ्य सेवा कार्यक्रम संचालन मापदण्ड, २०७८

प्रमाणिकरण मितिः २०७८।०८।१४

पृष्ठभुमिः

गोरखा जिल्लाको ११ वटा स्थानिय तहहरु मध्ये गण्डकी गाउँपालिका पनि एक हो । यस गाउँपालिकामा विभिन्न जनजातीहरुको बसोवास रहेको छ । नेपालकी परिवेशमा हेर्ने हो भने पिछडिएको वर्ग क्षेत्र र समुदायमा अझै पनि आधारभुत स्वास्थ्य सेवाका अभावमा मातृ मृत्युदर र वाल मृत्युदरका घटनाहरु भैरहेका छन् ।सडक संजालवाट सुगम झै देखिने यस गण्डकी गाउँपालिका शिक्षा स्वास्थ्य रोजगार र विकासको दृष्टिवाट हेर्ने हो भने निकै पछाडि परेको देखिन्छ। आधारभुत स्वास्थ्य सेवा प्रति समयमा नै सवैको ध्यान केन्द्रित हुन नसकेमा यो समस्यावाट असोचनिय घटनाहरु घट्न सक्ने अवस्थालाई मध्येनजर गर्दै मातृ तथा बाल मृत्युदर घटाउनको लागि आधारभुत स्वास्थ्य सेवा कार्यक्रम संचालनमा ल्याइएको छ ।

**कार्यक्रमको नामः मातृ तथा वालमृत्यूदर घटाउन आधारभुत स्वास्थ्य सेवा कार्यक्रम**

१ वजेटको स्रोतः नेपाल सरकार विशेष अनुदान

२ कुल वजेटः रु ८३०००००।

३ लक्षित समुहः सुनौलो हजार दिनका आमा, बच्चा तथा किशोर किशोरीहरु

४ कार्यक्रम संचालन गर्ने शाखाः स्वास्थ्य शाखा

५ कार्यक्रम अनुगमन गर्ने समितिः योजना अनुगमन तथा सुपरीवेक्षण समिति

उक्त कार्यक्रममा विनियोजित भई आएको कुल वजेटलाई देहायवमोजिम कार्यक्रम शिर्षक तथा उपशिर्षकमा वाँडफाँड गरिएको छ ।

**संचालन गर्नुपर्ने क्रियाकलापहरु**

मातृ तथा वालमरृत्यूदर घटाउन आधारभुत स्वास्थ्य सेवा कार्यक्रम

| क्र स | विवरण | वजेट (रु) |
|---|---|---|
| पोषण लेखाजोखा कार्यक्रम- म स्वा से /स्वास्थ्यकमर्मी परिचालन गरी गा पा भित्र रहेका गर्भवती ६ महिनाभित्रका सुत्केरी र ६-२४ महिनाभित्रका वालवालिकाहरुको MUAC Tape को माध्यम तथा तौल अनुगमनवाट प्रत्येक महिना पोषणको अवस्था पहिचान गरी | | २२०,०००/ |



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
०७८।०८।१४

Scanned with CamScanner

| | |
|---|---|
| कुपोषण न्युनिकरण गर्ने | |
| वर्थिङ उपकरण खरिद-वर्थिङ सेन्टरवाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यक सामाग्रीहरु जस्तैःBaby warmer,Delivary set,Epi set,Head light ,BP Set,Droppler HB Quick check mechine and strips, Adult weighting mechine etc सामान खरिद गरी वितरण गर्ने । | ५,००,०००/ |
| सुचना संचार तथा रेकर्डिङ रिपोर्टिङ फर्म फर्मेट छपाई-आमा नवजात शिशु तथा वालवालिकाहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याई पोषण अवस्थामा सुधार ल्याउनको लागि सन्देशमुलक पोष्टर फ्लेक्स पम्पलेट आदि छपाउने जस्तैः मेरी आमालाई चिठ्ठी नवजात शिशु स्याहार, गर्भ अवस्थामा देखा पर्ने जटिल समस्या, जन्म तयारी तथा थप खाना सम्वन्धी फ्लेक्स तथा रिपोर्टङ फाराम आदि छपाई सवै स्वास्थ्य संस्थामा वितरण गर्ने। | १००,०००/ |
| सन्देशमुलक जानकारी रेडियो कार्यक्रम-मातृ तथा वालमृत्यूदर घटाउन र स्वास्थ्य अवस्थामा सुधार ल्याउनको लागि स्वास्थ्य सम्वन्धी जानकारीमुलक सन्देशहरु रेडियो कार्यक्रम मार्फत प्रचार प्रसार गर्ने । | ५०,०००/ |
| मोवाइल स्वास्थ्य कार्यक्रम-गर्भवती महिलाहरुको नियमित गर्भ परिक्षण गरी जटिल समस्या समयमा नै पहिचान गर्ने र होम डेलिभरी शुन्य वनाउने साथै संस्थागत सुत्केरीमा वृद्दी गर्न म स्वा से हरु तथा स्वास्थ्यकर्मीहरुलाई मोवाइल स्वास्थ्य तालिम प्रदान गर्ने साथै तालिम संचालन पश्चात वाकी रहेको रकमवाट म स्वा से हरुतथा स्वास्थ्य संस्थालाई संचार सेट तथा संचार खर्च प्रदान गर्ने । | मोवाईलसेट खरिद-रु१८६०००।<br>संचार खर्च -रु८४०००।<br>तालिम संचालन खर्च -१८७०००<br>जम्मा खर्च -रु ४५७०००। |
| Calcium and Folic acid खरिद-गर्भवती तथा सुत्केरी अवस्थामा रगतको कमी हुनवाट वचाउन र विकलांग वच्चा जन्मनवाट वचाउनको लागि गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई Calcium and Folic acid औषधी खरिद गरी वितरण गर्ने । | ५,००,०००/ |
| ल्याव सेवा विस्तार-आधारभुत स्वास्थ्य अवस्थाको पहिचान गर्नको लागि रगत दिशा पिसाव तथा अन्य परिक्षण गर्न ल्याव सेवा विस्तार गर्ने । | १३,००,०००/ |
| भिडियो एक्सरे मिसिन खरिद-गर्भवती महिलाहरुकोगर्भावस्थामा गर्भ जाँच गरी आमा र वच्चाको स्वास्थ्य अवस्थाको वारेमा समयमा नै जानकारी प्राप्त भई पछि हुन सक्ने जटिलतालाई कम गर्ने । | १२०००००/ |
| भिडियो एक्सरे प्राविधिक भ्रमण खर्च तथा व्यवस्थापन खर्च-गा.पा.भित्रका विभिन्न टोल वस्तीहरुमा गई गर्भवती महिलाहरुको भिडियो एक्सरे गर्दा यातायात भ्रमण खर्चको व्यवस्थापन गर्ने साथै आवश्यक व्यवस्थापन गर्ने । | १,५०,०००/ |



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | |
|---|---|
| VIA शिविर संचालन तथा आवश्यक सामाग्री खरिद व्यवस्थापन - प्रजनन् उमेरका विशेष गरी विवाहित महिलाहरुको पाठेघरको मुखको शुरुवाती अवस्थाको क्यान्सर पहिचान गरी पछि हुन सक्ने जटिल समस्या समयमै समाधान गर्ने । | ३,००,०००/ |
| MNH Dummy खरिद -मातृ तथा नवशिशु कार्यक्रम सम्वन्धी स्वास्थ्यकर्मीहरुको ज्ञान र सीप अभिवृद्दि गर्न श्रव्य,दृष्य सामाग्रीको व्यवस्था गर्ने । | ३,००,०००/ |
| संयुक्त अनुगमन तथा सुपरीवेक्षण - कार्यक्रमको सही तवरले कार्यान्वयन भए नभएको एकिन गरी पृष्ठपोषण सहित आवश्यक सुधार गर्ने । | १००,०००/ |
| प्रसुती भवन निर्माण -भौगोलिक विकटताका कारण होम डेलिभरी अझै पनि शुन्य वनाउन नसकेको अवस्थामा संस्थागत सुत्केरी वढाउन र सुरक्षित प्रसुती सेवा प्रदान गरी आमा र वच्चाको स्वास्थ्य अवस्थामा सुधार ल्याउने । | १५०००००/ |
| प्रसुती भवनमा आवश्यक सामाग्री व्यवस्थापन-नयाँ प्रसुती भवनको लागि आवश्यक स्वास्थ्य सामागी खरिद तथा व्यवस्थापन गर्ने । | ५०००००/ |
| स्वास्थ्य आमा समुह सुद्रिढिकरण -सवै वडामा भएका स्वास्थ्य आमा समुहलाई सक्रिय वनाई समुदायमा भएका स्वास्थ्य अवस्थामा सुधार ल्याउने। | १६२,०००। |
| आमा घर व्यवस्थापन-संस्थामा सुत्केरी हुन आउने आमा तथा हेरालुलाई स्वास्थ्य संस्थावाट डिस्चार्ज नहुदासम्म खाना खान र वास वस्नको लागि अनुसुची १ वमोजिमको सामाग्री सेट सहितको आमा घर व्यवस्थापन गर्ने । | ३०००००। |
| Glucometer,Glucostrip ,Uristic etc खरिद-गर्भवती महिलाहरुको गर्भावस्थामा हुन सक्ने मधुमेह इक्लाम्सिय प्रि-इक्लाम्सिय जस्ता जटिल समस्याहरुको पहिचान गरी समयमा नै थप व्यवस्थापन गर्ने | ४०००००। |
| प्याड र पेन्टी खरिद- सुत्केरी अवस्था एक विशेष अवस्था भएकोले सुत्केरी हुन आउने महिलाहरुलाई सुत्केरीको समयमा सफा प्याड र पेन्टी प्रदान गरी सुत्केरी अवस्थामा हुन सक्ने संक्रमण रोकथाम तथा व्यवस्थापन गर्ने । | २६१००० |
| | ८३,०००००। |

६ संलग्न समुहः स्वास्थ्य संस्था व्यवस्थापन समिति सवै जन प्रतिनिधि आमा समुह स्वास्थ्यकर्मी संचार जगत तथा मिडिया कर्मी

७ खर्चको मापदण्ड र विधिः नेपाल सरकार कार्य सञ्चालन निर्देशिका स्वास्थ्य मन्त्रालय कार्यक्रम सञ्चालन मार्गदर्शन र सार्वजनिक खरिद एन तथा नियमावली



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

८ प्रतिवेदनः चौमासिक रुपमा राष्ट्रिय योजना आयोगमा Online System वाट गर्ने ।

उपलब्धिः

१.पिछडिएको वर्ग क्षेत्र र समुदायका व्यक्तिहरुलाई सेवाको पँहुचमा ल्याउन सजिलो हुनेछ ।

२. पिछडिएका वर्ग तथा समुदायका व्यक्तिहरुको चेतनाको स्तर वढ्नेछ ।

३. सवै गर्भवती महिलाहरुले नियमित प्रोटोकल अनुसार गर्भ जाँच गरेको हुनेछ ।

४. गर्भावस्थामा हुने जटिल समस्या समयमा नै पहिचान भई पछि हुन सक्ने समस्यावाट आमा र वच्चाको ज्यान जोगाउन सकिन्छ ।

५. होम् डेलिभरी शुन्य भई संस्थागत सुत्केरी संख्यामा वृद्दि हुनेछ ।

६. परिवार नियोजन सेवाको सहि प्रयोग भई जन्मान्तर तथा गर्भान्तर कायम हुने र वालवालिकामा कुपोषण न्युनिकरण हुनेछ ।

७. सवै गर्भवती तथा वालवालिकाहरुले पुर्ण खोप पाएको हुनेछ ।

८. मातृ मृत्यूदर तथा वाल मृत्यूदर मा कमी आउने छ ।

९. आर्थिक अवस्थामा सुधार हुनेछ ।

१०. समृद्ध नेपाल सुखी नेपाली वन्नेछ

## अनुसूची १

### आमाघर ब्यबस्थापनको लागि आबश्यक सामाग्रीहरुको चेकलिस्ट

| क्र.स. | सामाग्री | इकाई | परिमाण | दर | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ग्यास चुल्हो | सेट | १ | १०००० | १०००० | |
| २ | कुकर ३ लि | गोटा | १ | १२०० | १२०० | |
| ३ | कराई | गोटा | १ | ९०० | ९०० | |
| ४ | डाडु | गोटा | १ | १५० | १५० | |
| ५ | पनियो | गोटा | १ | १५० | १५० | |
| ६ | थाल | गोटा | ६ | १३५ | ८१० | |
| ७ | गिलास | गोटा | ६ | ८० | ४८० | |
| ८ | चम्चा | गोटा | ६ | ५५ | ३३० | |
| ९ | कचौरा | गोटा | ६ | ११० | ६६० | |
| १० | प्लेट | गोटा | ६ | ९० | ५४० | |



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | ताप्के | गोटा | | १ | २५० | २५० | |
| १२ | इलेक्ट्रिक जग | गोटा | | १ | ३८०० | ३८०० | |
| १३ | वाटर डिस्पेन्सर | गोटा | | १ | ४५०० | ४५०० | |
| १४ | वाटर जार | गोटा | | २ | ४५० | ९०० | |
| १५ | मल्टी प्लग | गोटा | | २ | ९५० | १९०० | |
| १६ | इमर्जेन्सी लाइट | गोटा | | १ | २०८० | २०८० | |
| १७ | सी.एफ.एल | गोटा | | ६ | २०० | १२०० | |
| १८ | सिरानी | सेट | | २ | ४०० | ८०० | |
| १९ | ब्ल्यांकेट | गोटा | | १ | ३५०० | ३५०० | |
| २० | बेड शीट | सेट | | २ | १२०० | २४०० | |
| २१ | स्टिल जग | गोटा | | १ | ४५० | ४५० | |
| २२ | बेड | गोटा | | १ | १०००० | १०००० | |
| २३ | सिल्भर बाटा | गोटा | | १ | १००० | १००० | |
| २४ | खाद्य सामाग्री | लम्सम | | 1 | २००० | २००० | |
| प्रति संस्था अनुमानित लागत | | | | | | ५०००० | |
| कुल लागत | | | | ६ | ५०००० | ३००००० | |

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी गाउँपालिकामा मातृ तथा बाल मृत्युदर घटाउनको लागि आधारभुत स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन मापदण्ड, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु।

०७८।८।१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०८/१४



Scanned with CamScanner